नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०७१ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावितहरुलाई वितरण गर्ने प्रयोजनार्थ नेपाल रेडक्रस सोसाइटी, काठमाडौंका लागि Korean Redcross, Korea ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर २,७१,०२६.०० (दुई लाख एकहत्तर हजार छब्बीस) मूल्य बराबरका ब्ल्याङ्केट समेतका राहत सामग्री तथा Red Cross Society of China, China ले सहयोग स्वरुप उपलब्ध गराउने चिनियाँ युआन ४०,००,०००.०० (चालीस लाख) मूल्य बराबरका रेनकोट समेतका राहत सामग्रीमा भन्सार महसुल तथा सम्पूर्ण कर, शुल्क छुट दिने निर्णय मिति २०७२।०२।२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०७१ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोकका लागि Medisafe Technologies, Indonesia ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर २,८७२.०० (दुई हजार आठ सय बहत्तर) मूल्य बराबरका २,८७,२०० जोडा Disposable Gloves तथा Swiss Firms, Private People, Switzerland ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर २,४९५.५० (दुई हजार चार सय पन्चानब्बे सेन्ट पचास) मूल्य बराबरका Sleeping bags समेतका सामग्रीको आयातमा भन्सार महसुल तथा सम्पूर्ण कर, शुल्क छुट दिने निर्णय मिति २०७२।०३।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी नुवाकोट जिल्लास्थित भेडावारी माध्यमिक विद्यालय, भद्रुटार-९, राष्ट्रिय उच्च माध्यामिक विद्यालय, कविलास, कुण्डला उच्च माध्यामिक विद्यालय, भद्रुटार र नामरुन प्राथमिक विद्यालय, भद्रुटारका लागि Overstock.Com, Inc., U.S.A. ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ९,०००.०० (नौ हजार) मूल्य बराबरका ल्यापटप थान १५ तथा डेस्कटप

9224 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्प्युटर सेट थान ३० को आयातमा भन्सार तथा सम्पूर्ण कर छुट दिने निर्णय २०७२।०४।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावित जिल्लाहरुमा वितरण गर्न गृह मन्त्रालयका लागि Shenzhen Anyuanxin Trade Co., Ltd., China ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ३९,८३७.१८ (उनान्चालीस हजार आठ सय सैंतीस सेन्ट अठार) मूल्य बराबरका Towel समेतका सामग्रीको आयातमा सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय २०७२।०४।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी न्याय हेल्थ नेपाल, कास्कीद्वारा सञ्चालित बयलपाटा अस्पताल, अछामका लागि Possible, U.S.A. ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर १,६७०.०० (एक हजार छ सय सत्तरी) मूल्य बराबरका SAM Splints समेतको स्वास्थ्य सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अरु भन्सार महसुल तथा कर छुट दिने निर्णय मिति २०७२।०४।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ६

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी जनस्वास्थ्य सरोकार ट्रष्ट, काठमाडौंद्वारा सञ्चालित कीर्तिपुर अस्पताल, कीर्तिपुर र काठमाडौं मोडल अस्पताल, काठमाडौंका लागि Korea Food For the Hungry International, Korea ले सहयोग स्वरुप प्रदान गर्ने अमेरिकी डलर १,०००.०० (एक हजार) मूल्य बराबरका Infant Incubator थान १० को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा कर, महसुल छुट दिने निर्णय मिति २०७२।०४।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ७

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

१२५६

संयुक्त राष्ट्र संघीय मिशन (UNMIL NEP-FPU-II-Buchanan) मा प्रयोग भइरहेका बन्दोवस्तीका सामग्रीहरु नेपाल प्रहरीले नेपालमा मर्मत सम्भार गरी पुनः संयुक्त राष्ट्र संघीय मिसन (UNMISS NEP-FPU-1-Juba, South Sudan) मा लैजाने गरी नेपालमा ल्याउँदा भन्सार महसुल लगायत सम्पूर्ण करहरु छुट दिने निर्णय मिति २०७२।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ८

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विभाग र Buddhist Compassion Relief Tzu Chi Foundation, Taiwan बीच सम्पन्न Memorandum of Understanding बमोजिम काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका १४ विद्यालयमा Semi Permanent विद्यालय भवन निर्माण गर्नका लागि Buddhist Compassion Relief Tzu Chi Foundation, Taiwan ले सहयोग स्वरुप उपलब्ध गराउने मलेसियन रिङ्गिट ४,०००.०० (चार हजार) मूल्य बराबरका Steel Brackets थान ४,००० को आयातमा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०४।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ९

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावितहरुको प्रयोजनार्थ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि Deutsches Medikamenten-Hilfswerk action medeor e.V., Germany ले सहयोग स्वरुप उपलब्ध गराउने युरो २,१८,९९५.५० (दुई लाख अठार हजार नौ सय पन्चानब्बे सेन्ट पचास) मूल्य बराबरका औषधि र स्वास्थ्य उपकरणहरुको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा कर, महसुल छुट दिने निर्णय मिति २०७२।०४।१८ गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १०

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्पबाट घाइते भएकाहरुको उपचारका लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालका लागि AFYA Foundation, U.S.A. ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ९,३७३.२४ (नौ हजार तीन सय

9226
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्रिहत्तर सेन्ट चौबीस) तथा ANDMA, Australia ले सहयोग स्वरुप उपलब्ध गराउने अस्ट्रेलियन डलर ७,०२७.१५ (सात हजार सत्ताईस सेन्ट पन्ध्र) मूल्य बराबरका औषधि तथा स्वास्थ्य उपकरणको आयातमा सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७२।०४।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ११

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनका लागि International Veterinary Students Association, Denmark ले सहयोग स्वरुप उपलब्ध गराउने पाउन्ड स्टर्लिङ २,६३४.०० (दुई हजार छ सय चौंतीस) मूल्य बराबरका Power User Laptop थान २१ मा मूल्य अभिवृद्धि कर पूरै छुट दिने तथा Laser Printer थान १ को हकमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय मिति २०७२।०४।२८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १२

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी तेस्रे उच्च माध्यमिक विद्यालय, सिन्धुपाल्चोकका लागि Nordisk Asia Limited, China ले सहयोग स्वरुप Team Nepal, Sindhupalchok मार्फत उपलब्ध गराउने अमेरिकी डलर ४,२००.०० (चार हजार दुई सय) मूल्य बराबरका टेन्ट थान १४ को आयातमा भन्सार तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय २०७२।०४।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विभाग तथा राधास्वामी सत्सङ्ग व्यास नेपालबीच सम्पन्न भूकम्प प्रभावित ६ जिल्लाका १५ वटा विद्यालय भवन निर्माण गर्ने सम्झौता बमोजिम थप २ वटा Semi Permanent विद्यालय भवन निर्माणका लागि राधास्वामी सत्सङ्ग व्यास नेपालले आयात गर्ने ३२,००० के.जी बराबरको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

निर्माण सामग्रीमा भन्सार महसुल तथा सम्पूर्ण कर, शुल्क छुट दिने निर्णय मिति २०७२।०४।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना १४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री सरस्वती टीका उच्च माध्यमिक विद्यालय, लेखनाथ-१७, कास्कीका लागि TATA Motors Ltd., India बाट खरिद गरिने भारतीय रुपैयाँ ११,३५,०००.०० (एघार लाख पैँतीस हजार) मूल्य बराबरको TATA LP 712/42 36+1 Seater BB School Bus BS III थान-१ आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं सम्पूर्ण कर तथा शुल्क छुट दिने निर्णय मिति २०७२।०४।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना १५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, काठमाडौंका लागि UNICEF, Nepal ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर १,३५,५५५.८३ (एक लाख पैँतीस हजार पाँच सय पचपन्न सेन्ट त्रियासी) मूल्य बराबरका Syringe with needle (Auto Disable) 1419 Boxes र Safety Box 1293 Boxes मा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०४।३२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना १६

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी खानी तथा भू-गर्भ विभाग र Department Analyse Surveillance Environment (DASE), France बीच सम्पन्न सम्झौता बमोजिम खानी तथा भूगर्भ विभागका लागि Department Analyse Surveillance Environment (DASE), France ले उपलब्ध गराउने युरो ६,७६०.०० (छ हजार सात सय साठी) मूल्य बराबरका भूकम्प सम्बन्धी उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं कर, महसुल छुट दिने निर्णय मिति २०७२।०४।३२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना १७

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि One Heart World-Wide Nepal, काठमाडौंले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ७७,८२५.०० (सतहत्तर हजार आठ सय पच्चीस) मूल्य बराबरका Medical Birthing Center Tents थान ७५ समेतका स्वास्थ्य सामग्रीमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार तथा कर, महसुल छुट दिने निर्णय मिति २०७२।०५।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १८

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी सेप्टेम्बर १०-१४, २०१५ सम्म सञ्चालन हुने MA Refereeing Course सञ्चालनार्थ अखिल नेपाल फुटबल संघ, ललितपुरका लागि FIFA, Switzerland ले सहयोग स्वरुप उपलब्ध गराउने स्विस फ्रैङ्क ३,७३९.१० (तीन हजार सात सय उनान्चालीस सेन्ट दश) तथा युरो ४,१२२.५० (चार हजार एक सय बाईस सेन्ट पचास) मूल्य बराबरका Sport Goods & Promotional Materials आयातमा भन्सार महसुल एवं सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०५।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १९

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको उद्धार तथा व्यवस्थापनको प्रयोजनका लागि गृह मन्त्रालयका लागि कोरिया सरकारले सहयोग स्वरुप उपलब्ध गराउने तपसिल बमोजिमका सामग्रीको आयातमा भन्सार महसुल एवं सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।०५।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

क्र.सं.	सामग्री	इकाइ	मूल्य (अमेरिकी डलर)
1	Parts of Excavator	1 Box(6 items)	2500.84
2	Skid Steer Loader & Excavator	2	51,419.00
3	Excavator	1	78,000.00
4	Excavator	1	78,000.00
5	Excavator	1	72,883.00

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

6	Parts of Excavator	7 Carton Box & 3 Pcs Oil Cans(266 Items)	2,653.06
7	Parts of Excavator	28 Carton Box & 110 Pcs Oil Cans(910 items)	7,278.94
8	Parts of Excavator	26 Carton Box & 3 Loose Oil Cans(878 items)	1,620.80
9	Parts for Skid Steer Loader	20 Carton Box & 152 Pcs Oil Cans &86 Tyres(766 items)	22,167.20
10	Parts of Heavy Equipment	203,ITEMS(3406 pcs)	58,704.64

सूचना २०

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावितहरुलाई वितरण गर्ने प्रयोजनार्थ गृह मन्त्रालयका लागि अन्तर्राष्ट्रिय आप्रवासी संगठन, नेपालले उपलब्ध गराउने अमेरिकी डलर ११,७८,६६८.०० (एघार लाख अठहत्तर हजार छ सय अठसट्ठी) मूल्य बराबरका ब्ल्याङ्केट समेतका राहत सामग्रीको आयातमा भन्सार महसुल एवं सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०५।०९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २१

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी Karuna Foundation, काठमाडौंका लागि Friends of Disabled Adults and Children, U.S.A. ले सहयोग स्वरुप प्रदान गर्ने अमेरिकी डलर १०,०००.०० (दश हजार) मूल्य बराबरका अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने स्वास्थ्य सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय २०७२।०५।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २२

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विभाग र चाइल्डरिच नेपाल, ललितपुरबीच सम्पन्न MOU बमोजिम सिन्धुपाल्चोक जिल्लाको भीम विद्याश्रम माध्यामिक विद्यालय, बाँसखर्कको Semi Permanent Classroom निर्माण गर्नका लागि चाइल्डरिच नेपाल, ललितपुरले सहयोग स्वरुप उपलब्ध गराउने भारतीय रुपैयाँ १९,२९,३९२.०० (उन्नाईस लाख उनान्तीस हजार तीन सय बयानब्बे) मूल्य बराबरका Light Gauge Steel Frame को आयातमा एक प्रतिशत

9269

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय २०७२।०५।२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प पीडितहरुलाई वितरण गर्ने प्रयोजनार्थ Glucksriff-der soziale Kreislauf e.V., Germany ले सहिद सरोज कोइराला मेमोरियल ट्रष्ट नामक संस्था मार्फत सहयोग स्वरुप उपलब्ध गराउने युरो १,०००.०० (एक हजार) मूल्य बराबरका राहत सामग्रीको आयातमा भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०५।२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी महिला केन्द्र बहुउद्देश्य सहकारी संस्था लि., बर्दिवास-५, महोत्तरीका लागि Mahindra and Mahindra Ltd., India बाट खरिद गरिने भारतीय रुपैयाँ ४,८६,२९४.०० (चार लाख छयासी हजार दुई सय चौरानब्बे) मूल्य बराबरको MAHINDRA BOLERO CAMPER SC XL 4 WD गाडी थान-१ आयातमा पचास प्रतिशत भन्सार महसुल छुट दिने निर्णय मिति २०७२।०५।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी अमेरिकी सेनाले सेप्टेम्बर ३, २०१५ देखि अक्टोबर ३, २०१५ सम्म छाउनी व्यारेक तथा नगरकोटमा नेपाली सेनासँग संयुक्त रुपमा सञ्चालन गर्ने Alpine Mountaineering, Avalanche Rescue, Disaster Management and Peacekeeping Capabilities तालीमको प्रयोजनका लागि अमेरिकी सेनाले आफ्नो साथमा ल्याउने तालीममा खर्च भएर जाने एम्युनिशन सामग्रीमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायतका सम्पूर्ण कर, महसुल तथा शुल्क छुट दिने निर्णय २०७२।०५।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २६

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेलका लागि Direct Relief, U.S.A. ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ९९७.५० (नौ सय सन्तानब्बे सेन्ट पचास) तथा Justus-Liebig-University Giessen, Germany ले सहयोग स्वरुप उपलब्ध गराउने युरो ६२५.०० (छ सय पच्चीस) मूल्य बराबरका स्वास्थ्य सामग्री/उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अरु कर, शुल्क छुट दिने निर्णय मिति २०७२।०५।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना २७

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल तेक्वान्दो संघ, त्रिपुरेश्वरका लागि World Taekwondo Federation, Korea ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ३,९६६.०० (तीन हजार नौ सय छैसठ्ठी) मूल्य बराबरका तेक्वान्दो पोशाकको आयातमा सम्पूर्ण कर, महसुल तथा शुल्क छुट दिने निर्णय मिति २०७२।०५।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना २८

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोकका लागि देहायका दातृ संस्थाहरुले सहयोग स्वरुप उपलब्ध गराउने तपसिल बमोजिमका सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं अन्य कर छुट दिने निर्णय मिति २०७२।०५।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

क्र.स.	दातृ संस्था	सामग्रीको नाम	रकम
१	Farmaceuticos Mundi, Spain	Medicine	युरो ३,८९०.२६
२	German Rotary Volunteer Doctors e.V., Germany	Water Filter	युरो ५०,९६०.००
३	Health Exchange Nepal (U.K.)	Hospital Supplies	पाउन्ड स्टर्लिङ ४,५००
४	Gastroenterology Foundation e.V., Germany	Hospital Equipment	युरो १९,८२९.८०

9263 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५	Standford Medicine, USA	Cholera Kits	अमेरिकी डलर ९०.००
६	Raphael International, Korea	Medical Goods ENT Department	अमेरिकी डलर १,८००.००
७	Nepali Med Luxembourg a.s.b.l.	Medical Goods	युरो ४,०००.००
८	Nepali Med Oo, Austria	Hospital Materials	युरो ८,०००.००
९	Rotary Australia World Community Service, Australia	Medical Goods and Beds	अस्ट्रेलियन डलर ६,५००.००
१०	RDG Rotary Deutschland Gemeindienst e.V., Germany	Hospital Equipment	युरो ९९७५.००
११	NepalHilfe Tirol	Medicine	युरो १००.००
		Medical Goods	युरो ५००.००
१२	International Aid Inc., USA	Medical Equiment	अमेरिकी डलर ४८,६६७.७५
१३	Andersen Products Inc., USA	Medical Equiment	अमेरिकी डलर १४३२.००

सूचना २९

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेलका लागि David Lim c/o Everest Motivation Team, Pte. Ltd., Singapore ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ६,१७८.०० (छ हजार एक सय अठहत्तर) मूल्य बराबरका स्वास्थ्य सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३०

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल जुडो संघ, काठमाडौंका लागि International Judo Federation, Switzerland ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर २,२००.०० (दुई हजार दुई सय) मूल्य बराबरका जुडो खेल सम्बन्धी पोशाकको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३१

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई वितरण गर्न प्रयोजनार्थ शिक्षा विभाग, भक्तपुरका लागि Red Cross Society of China ले सहयोग स्वरुप उपलब्ध गराउने चिनियाँ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

युआन ५,३०,२००.०० (पाँच लाख तीस हजार दुई सय) मूल्य बराबरका Metal Pencil Box समेतका शैक्षिक सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३२

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी न्यूरो फाउण्डेशन नेपाल, काठमाडौंका लागि Deutsches Medikamenten-Hilfswerk action medeor e.V., Germany ले सहयोग स्वरुप उपलब्ध गराउने युरो २७,८८२.६५ (सत्ताईस हजार आठ सय बयासी सेन्ट पैसट्ठी) मूल्य बराबरका स्वास्थ्य सामग्री/उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३३

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शान्ति सेवा गृह, तीलगंगा, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि Deutsches Medikamenten-Hilfswerk action medeor e.V., Germany ले सहयोग स्वरुप उपलब्ध गराउने युरो १७,३६२.५० (सत्र हजार तीन सय बैसट्ठी सेन्ट पचास) मूल्य बराबरका स्वास्थ्य सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३४

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मानव विकास तथा सामुदायिक सेवा, ललितपुरद्वारा सञ्चालित चौरजहारी अस्पताल, रुकुमका लागि Deutsche Hilfsaktion fuer Missionskrankenhaeuser e.V., Germany ले सहयोग स्वरुप उपलब्ध गराउने युरो १,२००.०० (एक हजार दुई सय) मूल्य बराबरका स्वास्थ्य सामग्रीको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३५

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, काठमाडौंका लागि Pfizer Inc, U.S.A. तथा Global Health Solutions, U.S.A. ले सहयोग स्वरुप उपलब्ध

9267 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउने अमेरिकी डलर १२,०००.०० (बाह्र हजार) मूल्य बराबरका Zithromax औषधिको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ३६

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति स्थापनार्थ नेपाली सेनाको तर्फबाट UNDOF र UNMIL मिशनमा तैनाथ रहन जाने सैनिकको प्रयोजनको लागि United Nations Logistics Base, Brindisi, Italy बाट प्राप्त हुने अमेरिकी डलर १,७४५.८९ (एक हजार सात सय पैँतालीस सेन्ट उनान्नब्बे) मूल्य बराबरको Beret Cap समेतका पोशाकजन्य सामग्री आयातमा भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ३७

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी खानी तथा भूगर्भ विभाग र Department Analyse Surveillance Environment (DASE), France बीच भएको द्विपक्षीय सम्झौता बमोजिम प्राप्त हुने युरो ५,४६५.०० (पाँच हजार चार सय पैसट्ठी) मूल्य बराबरका Seismic Station सम्बन्धी उपकरणको आयातमा भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ३८

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्रुति (राष्ट्रिय सुस्त श्रवण तथा बहिरा भएकाहरुको संगठन), काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि All Japan Association of Hard of Hearing and Late-Deafened People, Japan ले सहयोग स्वरुप उपलब्ध गराउने जापानी येन २,०६,७५०.०० (दुई लाख छ हजार सात सय पचास) मूल्य बराबरका सुस्त श्रवण सम्बन्धी सामग्री/उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०७।३० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
चिरञ्जीवी खनाल
सहसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ